का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ७९
❒ २२ बैशाख २०७७, सोमबार
❒ 4 May 2020, Monday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: आइतबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ७५ जना | १६ जना | १३४१४ | ७७ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ३५ लाख ८ हजार | ११ लाख ३० हजार | दुई लाख ४५ हजार | २१ लाख ३३ हजार |



कृष्णपुर नगरपालिका-२ स्थित इँटाभट्टामा काम गर्दै आएका भारतीय मजदुर घर जान हिँडेर कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकाको झलारी बजारमा आइपुगेपछि आइतबार सशस्त्र प्रहरीले कार्यक्षेत्रतर्फ फर्काउँदै । *तस्वीरः राजेन्द्रप्रसाद पनेरु*

# थपिए १६ संक्रमित

**आइतबार १६ जना थपिएसँगै नेपालमा कोरोना संक्रमित संख्या ७५ पुगेको छ । आइतबार नेपालगञ्जमा १५ र वीरगञ्जमा एक जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ वैशाख ।

आइतबार थप १६ जना कोरोना भाइरस (कोभिड-१९) का संक्रमित भेटिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, नेपालगञ्जमा १५ जना र बीरगञ्जमा एक जनामा संक्रमण भएको पुष्टि भएको छ । वीरगञ्ज महानगरपालिका-३ का ३६ वर्षीय पुरुषमा संक्रमण देखिएको हो । नारायणी अञ्चल अस्पतालमा उपचारत बिरामीमा संक्रमण देखिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.मदन उपाध्यायले जनाएका छन् ।

आइतबार नै बाँकेको नेपालगञ्जमा थप १५ जनामा कोरोना भाइरस संक्रमण देखिएको छ । नेपालगञ्जस्थित भेरी अस्पतालमा सञ्चालित भाइरस परीक्षण यन्त्र रियल टाइम पोलिमर चेन रिएक्सन (आरटीपिसिआर)मा परीक्षणका क्रममा तिनको रिपोर्ट पोजेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका जनस्वास्थ्य अधिकृत एवम् कोरोना फोकल पर्सन नरेशमान श्रेष्ठले बताए ।

उनका अनुसार नेपालगञ्जमा भेटिएका सङ्क्रमितमा आठ महिला र सात पुरुष छन् । यससँगै नेपालगञ्जमा कोराना सङ्क्रमितको सङ्ख्या १६ पुगेको छ । यसअघि शुक्रबार पहिलो पटक एक ६० वर्षीय पुरुषमा कोरोना भाइरस सङ्क्रमण पोजेटिभ फेला परेको थियो । 'परीक्षण भएका ३० रिपोर्टमध्ये १५ मा पोजेटिभ भेटिएको हो, अरु जाँच गर्दैछौं', श्रेष्ठले भने, 'धेरै सङ्ख्यामा रहेकोले रिपोर्ट तयार गर्न समय लागिरहेको छ ।'

सङ्क्रमण पुष्टि भएका व्यक्तिको खोजी गरी कोरोना आइसोलेशन अस्पतालमा उपचारका लागि पठाउने तयारी गरिएको छ । उहाँले शनिबार कोरोना सङ्क्रमितको परिवार तथा आफन्त र सम्पर्कमा रहेका ८३ को स्वाब परीक्षणका क्रममा तिनको पोजेटिभ भेटिएकाले अरु पनि भेटिन सक्ने बताए ।

शनिबार दिनभर सुरक्षाकर्मी र स्थानीय टोलवासी अगुवाको सहयोगमा कोरोना परीक्षणका लागि स्वाब नमूना सङ्कलन गरिएको थियो । नेपालगञ्ज उपमहानगरपालिका वडा नं ८ मा पर्ने जुलाहनपूर्वा टोलमा सङ्क्रमितको आवतजावत हुने गरेको पाइएपछि कोरोना परीक्षणका लागि स्वाब नमूना सङ्कलन गरिएको हो । सङ्क्रमितका परिवार र नजीकका आफन्त आठ जनालाई महेन्द्र बहुमुखी क्याम्पसको एकान्तबासमा राखिएको थियो ।

### रमजान प्रभावित

नेपालगञ्जका दश व्यक्तिमा कोरोना सङ्क्रमण देखिएपछि मुसलमान धर्मावलम्वीको पवित्र पर्व रमजान प्रभावित भएको छ । एक हप्तादेखि शुरु भएको रमजानका अवसरमा घरमै बसेर कोरोना भाइरस समाप्तिको प्रार्थना गर्दै नमाज बाँकी पृष्ठ २ मा

# बाँकी रह्यो तुष

## बरिष्ठ नेता माधव नेपाल पक्षको भेला, नेकपामा बदलिएको समिकरणबारे छलफल

**सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र देखिएको विवाद तत्काललाई हल भए पनि तुष बने झनै बढेर जाने संकेत देखिएको छ । उपाध्यक्ष वामदेव गौतम र महासचिव विष्णुप्रसाद पौडेलको 'यूर्टन'सँगै नेकपामा फेरि बरिष्ठ नेता माधवकुमार नेपालको असन्तुष्टि बढ्ने देखिन्छ ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ वैशाख ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का बरिष्ठ नेता माधवकुमार नेपालले आइतबार आफू निकट नेताहरुसँग छलफल गरेका छन् । शनिबार बसेको सचिवालय बैठकले पार्टीभित्र देखिएको विवाद हल गर्नेगरी निर्णय गरेको भोलिपल्ट बरिष्ठ नेता नेपालले आफू निकट नेताहरुसँग छलफल गरेका हुन् । छलफलमा सहभागी एक नेताका अनुसार, नेकपाको पछिल्लो निर्णय प्रति नेता नेपाल असन्तुष्ट देखिएका छन् ।

प्रधानमन्त्री एवम् अध्यक्ष केपी शर्मा ओली र कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल फेरि एक भएर अन्यलाई पेलेर जाने मूड बुझेपछि नेता नेपाल असन्तुष्ट देखिएका हुन् । ओली र प्रचण्ड बीच शनिबार दिउँसो भएको छलफलपछि नेता नेपाल बढी संशकित देखिएका छन् । प्रधानमन्त्री ओलीले उपाध्यक्ष वामदेव गौतमलाई प्रतिनिधिसभामा पठाउने र त्यसका लागि उपयुक्त समयमा उपनिर्वाचन गर्ने सहमति भएको थियो । गृहमन्त्री रहेका सचिवालय सदस्य रामबहादुर थापा बादल र महासचिव विष्णुप्रसाद पौडेल सहित ओली र गौतम बीच शनिबार सहमति कायम भएपछि नेकपाको विवाद



तत्काललाई हल भएको देखिएको छ । यी चार जना बीच भएको छलफलपछि दुई अध्यक्ष बीच छलफल भएको थियो ।

त्यस पछाडि बसेको सचिवालय बैठकले २६ वैशाखमा स्थायी कमिटी बैठक बोलाउने र एक दिन अगाडि सचिवालय बैठक बस्ने निर्णय गरेको छ । तर, नेता नेपाल बाहेकका नेताहरु बीच कस्तो भद्र सहमति भएको छ भन्नेबारे नेता नेपाल संलग्न नभएको अनुमान गर्न सकिन्छ । त्यसैको परिणाम नेता नेपालले आफू निकट नेताहरुसँग आइतबार सम्वाद गरे ।

अर्थात्, प्रधानमन्त्री र अध्यक्ष पदबाट ओलीलाई हटाउने मोर्चा भत्किएकोमा नेता नेपाल सन्तुष्ट हुने कुरा भएन । अझ प्रधानमन्त्री ओलीले नै गौतमलाई प्रधानमन्त्री र नेता नेपाललाई अध्यक्षको प्रस्ताव १७ वैशाखमा बसेको सचिवालय बैठकमा प्रस्ताव गरेका थिए । उक्त प्रस्तावबारे समेत कुनै छलफल नगरी नेकपामा विवाद साम्य भएको देखिनुले पनि नेकपामा नयाँ तुष थालनि भएको अनुमान गर्न सकिन्छ । नेता नेपालको भेलाले समेत त्यसलाई पुष्टि गरेको छ भने आगामी सचिवालय र स्थायी कमिटी बैठकको रुप कस्तो हुनेछ भन्नेले पनि नेकपा भित्रको विवादको दिशा तय हुने प्रष्ट हुन्छ ।

# बोलाइयो बजेट अधिवेशन

**सरकारले वैशाख २६ गते बजेट अधिवेशन निर्णय गरेको छ । सत्तारूढ नेकपामा देखिएको विवादले बजेट अधिवेशन बोलाउने निर्णयमा बिलम्ब भएको थियो ।**

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ वैशाख ।

सरकारले यही वैशाख २६ गते बजेट अधिवेशन आह्वान गर्न राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आज भएको मन्त्रिपरिषद् बैठकले वैशाख २६ गते बजेट अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको अर्थमन्त्रीका सञ्चार संयोजक यमन पौडेलले बताए ।

नेपालको संविधानअनुसार सङ्घीय संसद्को संयुक्त सदनमा जेठ १५ मा बजेट प्रस्तुत गर्नुपर्ने प्रावधनअनुरुप बजेट अधिवेशनका निम्ति सिफारिस गरिएको हो । जेठ १५ अगावै पूर्व-बजेट छलफल गर्ने परम्परा छ । नयाँ संविधान जारी भएयता पूर्व-बजेट छलफलका लागि वैशाखको दोस्रोतिर बजेट अधिवेशन आह्वान हुने गरेको थियो तर यो वर्ष कोरोना भाइरसका कारण उत्पन्न जनस्वास्थ्यसम्बन्धी गम्भीर समस्याका कारण सरकारका नीति तथा कार्यक्रम र पूर्व-बजेट छलफल अपेक्षाकृत पर्याप्त मात्रामा हुन नसक्ने परिस्थिति सिर्जना भएको छ ।

पूर्व-बजेट र नीति तथा कार्यक्रममाथिको छलफलको अवधि कम गरेर आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्ने तयारीमा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग लागिपरेको छ ।

लगत्तै, सभामुख अग्निप्रसाद सापकोटाले सङ्घीय संसद्को बैठकमा कोभिड-१९ को सङ्क्रमणको सम्भावित जोखिम न्यूनीकरण गर्ने गरी



सङ्घीय संसद्का बैठकहरु सञ्चालन गर्ने विषयमा छलफल गरेका छन् । सिंहदरबारस्थित कार्यकक्षमा स्वास्थ्य टोली, संसद् सचिवालयका कार्यवाहक महासचिव गोपालनाथ योगी र सचिवहरुसँग संसद् बैठक व्यवस्थापनलाई सुरक्षित बनाउने विषयमा छलफल गरेको उनको सचिवालयले जनाएको छ ।

छलफलका क्रममा सभामुख सापकोटाले सङ्घीय संसद्का तर्फबाट गर्न सकिने सबै पूर्वतयारी गर्न निर्देशन दिएका छन् । सङ्घीय संसद् सचिवालयले विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड र स्वास्थ्य सेवा विभाग, टेकुका चिकित्सक बाँकी पृष्ठ २ मा

### सिट व्यवस्थापन समस्या

सरकारले संघीय संसदको बजेट अधिवेशन आगामी बैशाख २६ गतेका लागि आह्वान गरेपनि सामाजिक दुरी कायम गरेर सदन सञ्चालन गर्न सिट संख्या नै अपुग हुनेभएको छ । कोरोना भाईरसको विश्वब्यापी प्रभावलाई मध्यनजर गर्दै २ सिटको दुरी कायम गरेर सदन सञ्चालन गर्नुपर्ने बाध्यता आएपछि सचिवालयलाई सिट ब्यवस्थापन निकै चुनौतीपूर्ण बनेको हो । संसदको आगामी अधिवेशनको नीति तथा कार्यक्रम र बजेट पस्तुत कार्यक्रममा दुवै सदनका सदस्यहरु एकै ठाउँमा बसेर सदन सञ्चालन गर्नुपर्ने हुन्छ । तर, प्रतिनिधिसभाकै सांसद अटाउन मुस्किल परिरहेका बेला राष्ट्रियसभाका सदस्य समेत राखेर कसरी सदन सञ्चालन गर्ने भन्नेमा सचिवालय अन्योलमा देखिन्छ ।

कोरोना भाइरसको.जोखिम रोकथामका लागि सामाजिक दुरी पनि आवश्यक रहेको र अन्यत्र सदन सञ्चालनको सम्भावना पनि नदेखिएको कारण सदस्यहरुलाई बालकोनीमा राखेर भएपनि सदन सञ्चालन गराउने तयारी भएको संघीय संसद सचिवालयका सहप्रवक्ता दशरथ धमलाले जानकारी दिएका छन् । प्रतिनिधिसभाका कुल २७५ र राष्ट्रियसभाका ६९ गरेर कुल ३ सय ३४ सदस्य हुन आउँछन् । बालकोनीको प्रयोग गरेर प्रतिनिधिसभा बैठक सञ्चालन गर्दापनि बोल्न चाहाने सदस्यहरुसँगको दुरी टाढा हुने, कार्यव्यवस्थाका कर्मचारीले सांसद नचिन्ने र रोस्टममा पुगेर बोल्दा समय बढी खर्च हुने हुँदा सिटको व्यवस्थापन चुनौतीपुर्ण बनेको सचिवालयले जनाएको छ ।

सदन सञ्चालनको तयारी पूर्व सचिवालयले स्वास्थ्य बाँकी पृष्ठ २ मा

# कोरोना संक्रमणबाट विश्वभर ७३ नेपालीको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ वैशाख

गैरआवासीय नेपाली संघ (एनआरएनए)ले कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण शनिवारसम्म ७३ गैरआवासीय नेपालीको मृत्यु भएको जनाएको छ । गैरआवासीय नेपाली संघ अन्तर्गतको स्वास्थ्य समितिले संकलन गरेको तथ्यांकअनुसार बेलायतको ग्रेटर लण्डनमा २७, मिडल्याण्डमा ८, साउथ इष्टमा ११, साउथ वेष्टमा ३ गरी बेलायतामा ४९ जना गैर आवासिय नेपालीको मृत्यु भएको छ ।

ठूलो संख्यामा नेपाली कामदार रहेका मध्यपूर्वका केही देशहरुमा कोरोना भाइरस संक्रमण तीव्र रुपमा बढीरहेको छ । जसका कारण प्रभावित हुनेको संख्या पनि बढीरहेको देखिएको छ । कतारसहित मध्यपूर्वका केही देशले २ हजार ३ सय नेपाली श्रमिकहरुमा कोरोना संक्रमण भएको तथ्यांक सार्वजनिक गरेका छन् ।

संयुक्त राज्य अमेरिकामा कोरोना भाइरस संक्रमणका कारण १५ जना नेपालीको ज्यान गएको छ । त्यसमध्ये न्युयोर्कमा १२, कोलोराडोमा २ र भर्जिनिया राज्यमा १ जनाको मृत्यु भएको छ । संघले संयुक्त अरब इमिरेट्स (यूएई) मा ५, आयरल्याण्डमा १, जापानमा १, टर्कीमा १ र नेदरल्याण्डमा १ जनाको मृत्यु भएको जनाएको छ । समितिका संयोजक डा. संजिव सापकोटाले विश्वभर ५ हजार २ सय ४७ जना गैरआवासीय नेपालीहरु कोरोनाबाट संक्रमित भएको जानकारी दिए ।

संक्रमित मध्ये १५ सय ७० जना संक्रमण मुक्त भएको उक्त समितिको अनुमान छ । स्वास्थ्य समितिका अनुसार मध्यपूर्वका विभिन्न देशमा २ हजार ३ सय, अमेरिकामा १ हजार ५ सय, बेलायतमा १ हजार, बहराइनमा १ सय २६, यूएईमा १ सय, कुवेतमा ७८, नेपालमा ६९, साउदी अरबमा ३४, पोर्चुगलमा २६, आयरल्याण्डमा २२, स्पेनमा १२, अष्ट्रेलियामा १०, बेल्जियममा ६, जापानमा ६, स्वीडरल्याण्डमा ५, क्यानाडामा ५, जर्मनीमा ४, साईप्रसमा ३, मलेसियामा ३, न्युजिल्याण्डमा ३, माल्दिभ्समा २, माल्टामा २, हङकङमा २, म्यानमारमा १, फ्रान्समा १ जना गरी २७ देशमा रहेका नेपालीहरु कोरोना भाइरस (कोभिड १९) बाट संक्रमित छन् ।

संघले कोरोना भाइरसको महामारीबाट प्रभावित भएकाहरुको सहयोगार्थ ४५ देशका राष्ट्रिय समन्वय परिषद्मार्फत राहत वितरणको काम गरिरहेको बताएको छ । विभिन्न देशमा कोरोना महामारीबाट प्रभावित ३५ हजारभन्दा बढी नेपालीहरुलाई राहत वितरण गरिएको संघले जनाएको छ ।

यसैबीच, संघका अध्यक्ष तथा कोभिड १९ उच्चस्तरीय समितिका संयोजक कुमार पन्तले कोरोना भाइरसका कारण ठूलो संख्यामा गैरआवासीय नेपालीहरुको निधन भएकोप्रति गहिरो दुःख व्यक्त गर्दै संत्रमणका कारण ज्यान गुमाएकाको परिवार र आफन्तजनप्रति गहिरो समवेदना प्रकट गरेका छन् । अध्यक्ष पन्तले विभिन्न देशका सरकारी निकायहरुले जारी गरेका स्वास्थ्य नियमलाई कडाईका साथ पालना गर्न आह्वान समेत गरेका छन् ।

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा नेपालीको रक्षा गर्न माग

काठमाडौं/मस- अवैध आप्रवासीको आरोपमा मलेसियाले हालै गरेको धरपकडमा नेपाली कामदार नपरेको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ । मलेसियाले शुक्रबार राजधानी क्वालालम्पुर स्थित मनोरा सिटी वान अपार्टमेन्ट र त्यस आसपास रहेका अन्य तीन वटा भवनबाट विदेशी कामदारलाई धरपकड गरी पक्राउ गरेको थियो ।

कोरोना भाइरसको संक्रमण रोक्न आवागमनमा नियन्त्रण आदेश जारी गरेको अवस्थामा आप्रवासी कामदारहरुको गतिविधि बढेको आशंकामा दक्षिण एशियाली मुलकका विदेशी कामदारलाई व्यापक रुपमा पक्राउ गरी स्वास्थ्यका दृष्टिले अनुपयुक्त रहेका थुनुवा केन्द्रहरुमा राखेको भन्दै अधिकारकर्मीहरुले मलेसिया सरकारको आलोचना गरिरहेका छन् ।

मलेसियाका लागि नेपाली राजदूत उदयराज पाण्डेले नेपालीहरु पक्राउ भए नभएकोबारेमा जानकारी लिने प्रयास भइरहेको तर अहिलेसम्म नेपाली कामदार नपरेको बताए ।

मलेसियाका प्रहरी महानिरीक्षक तानश्री अब्दुल हमिद वडोरले कोरोना भाइरस संक्रमण फैलिन नदिन कडा कदम चाल्नु परेको बताएका छन् । ५ लाख बढी नेपाली कार्यरत मलेसियामा हाल कस्तीमा २५ हजार नेपाली कामदार गैरकानुनी रुपमा रहेको अनुमान छ । नेपाली मजदुर एकता समाज, मलेसियाले मलेसियामा करार अवधि समाप्त भएर घर फर्किनुपर्ने तर अन्तर्राष्टिय उडान बन्द रहेका कारण स्वदेश फर्किने तयारीमा रहेका नेपालीहरुलाई त्यहाँको प्रहरीले अवैधानिक बसेको आशंका गरेको भन्दै सुरक्षाका लागि नेपाली दूतावासको ध्यानाकर्षण गराएको छ ।

समाजले भिसाा सकिएर अलपत्र परेकाहरुलाई सकेसम्म चाँडै स्वदेश फर्किने वातावरण मिलाउन दूतावासलाई अनुरोध समेत गरेको छ । समाजका अध्यक्ष रामप्रसाद सुवेदीले धेरै कामदारले बाँकी पृष्ठ २ मा

## ताप्लेजुङका आगलागीपीडितलाई मन्त्री भट्टराईको आश्वासन

# ‘पुन:स्थापना गर्न सरकार साथमा छ’



**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले ताप्लेजुङका आगलागी प्रभावित परिवारलाई विचलित नहुन आग्रह गरेका छन् । आइतबार बिहान आगलागी क्षेत्रको निरीक्षणपछि मन्त्री भट्टराईले आगलागी प्रभावित परिवारको पुनःस्थापनाका लागि सरकार साथमै रहेको भन्दै विचलित नहुन आग्रह गरे ।

आगलागीले क्षति पुगेकामा दुःख व्यक्त गर्दै मन्त्री भट्टराईले तीनै तहका सरकार र स्थानीय समुदायको सहयोगमा पुनःस्थापना गर्ने आश्वासन दिए । ‘तपाईंहरुको पुनःस्थापनामा केन्द्र, प्रदेश र स्थानीय सरकार छ साथै स्थानीय समुदाय सबै छन्, सबैको साथ सहयोग मिल्नेछ,’ उनले भने । ताप्लेजुङ भौगोलिक हिसाबले बाढी पहिरो, आगलागी जस्ता विपद्का घटनाको उच्च जोखिममा रहेकाले सतर्क हुनुपर्नेमा उनले जोड दिए ।

मन्त्री भट्टराईले पछिल्लो पटक सरकारले विपद् व्यवस्थापनसम्बन्धी लिएका नीति तथा प्रयासले यहाँको मात्रै नभई मुलुकभरकै यस्ता जोखिमका समस्या निराकरण हुनेमा विश्वाससमेत व्यक्त गरे । यता छलफलका क्रममा आगलागीपीडितको प्रतिनिधित्व गर्दै आगलागीपीडित यिगेन्द्र गुरुङले सरकारलाई बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण मिनाहा गरिदिन आग्रह गरे ।

यसैबीच विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले ताप्लेजुङमा आगलागीका घटना दोहोरिरहनु दुःखद भएको भन्दै यस प्रकारका घटनाको न्यूनीकरणमा सबैले ध्यान दिनुपर्ने बताए । आफूहरुको रेकर्डमा समेत यो जिल्ला आगलागीको घटना हुनेमा अग्रस्थानमा रहेको बताए ।

छलफलका क्रममा प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले आगलागीबाट भएको क्षतिको विवरण पेश गर्दै स्थानीयस्तरबाट जुट्ने राहतका लागि प्रयास भइरहेको बताएका थिए । शुक्रबार भएको आगलागीले यहाँका साना ठूला गरी १० घरमा क्षति पुगेको थियो भने २९ परिवार विस्थापित बनेका छन् । यस्तै रु सात करोडभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ ।

## विश्व प्रेस स्वतन्त्रता दिवस

# महासंघद्वारा विशेष डिजिटल संवाद आयोजना




**काठमाडौं/मस-** विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघले आइतबार विशेष डिजिटल संवाद कार्यक्रम आयोजना गरेको छ । कार्यक्रका प्रमुख अतिथि एंव राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघद्वारा प्रकाशित प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा सम्बन्धी वार्षिक प्रतिवेदन तथा अन्तर्राष्ट्रिय पत्रकार महासंघले प्रकाशन गरेको दक्षिण एसिया प्रेस स्वतन्त्रता प्रतिवेदन सार्वजनिक गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै शर्माले कार्यकारिणीका नजरमा सञ्चारमाध्यमलाई बाधकका रुपमा हेर्ने गरिएको भन्दै चिन्ता व्यक्त गरे । ‘पत्रकारको मुख थुन्न सकिएला, आँखामा पट्टि बाँध्न सकिएला तर मस्तिस्कलाई थुन्न सकिँदैन,’ शर्माले भने । उनले पत्रकारको पेशागत सुरक्षामा सुधार हुनुपर्नेमा त्यसो हुन नसकेको समेत बताए ।

उनले लोकतन्त्रप्रति प्रतिवद्ध सरकार प्रेससँग सहिष्णु हुन नसकेको बताए । उनले सञ्चारमाध्यमलाई टेवा दिनुपर्नेमा सरकारको नियत त्यस्तो नदेखिएको भन्दै चिन्ता व्यक्त गरे । उनले जनाताको मौलिक हक जोडिएका मुद्दालाई मिडियामा स्थान दिनुपर्नेमा राजनीतिक मुद्दालाई बढी प्राथमिकता दिएको बताए ।

महासंघका अध्यक्ष गोविन्द आचार्यले हाल नेपालको पत्रकारिता क्षेत्रमा नीतिगत असुरक्षा बढ्दै गएको बताए । उनले लोकतन्त्र पश्चात पनि प्रेस स्वतन्त्रताका लागि लड्नुपर्ने विड्म्बना रहेको बताए । उनले हाल महामारीका रुपमा फैलिरहेको कोरोना भाइरसका कारण अझ पत्रकारको पेशागत तथा भौतिक सुरक्षामा चुनौती थपिएको पनि बताए ।

महासंघका पूर्व सभापति तारानाथ दाहालले विश्व प्रेस स्वतन्त्रता दिवस पूर्वज तथा अग्रज पत्रकारको योगदालाई सम्झिने दिनका रुपमा रहेको बताए । उनले पत्रकारको पेशागत चुनौती र सरकारी ज्यादती बढेको भन्दै त्यसको निराकरणमा महासंघ र सञ्चारकर्मी केन्द्रित हुनुपर्ने धारणा राखे ।

त्यस्तै महासंका पूर्व अध्यक्ष शिव गाउँलेले नेपाली पत्रकारिता क्षेत्रमा कानूनी बन्देज र प्रेसप्रतिको असहिष्णु गरी दुई प्रकारको चुनौती थपिएको बताए । त्यसका लागि सबै एकजुट भई लड्नुपर्ने उनले धारणा राखे ।

महासंघका उपाध्यक्ष विपुल पोखरेलले पत्रकारिता मार्फत भएका अभिव्यक्तिलाई सरकारले नस्वीकार्ने प्रवृत्ति बढ्दै गएको बताए । उनले पत्रकारितामा बहुलवादलाई स्थान दिँदै प्रेसलाई लाञ्छनाबाट मुक्त गर्नुपर्ने बताए ।

महासंघका महासचिव रमेश विष्टले महासंघले सार्वजनिक गरको प्रतिवेदनले पत्रकारिता क्षेत्रको सुरक्षामा सन्तोषको अवस्था नदेखिएको बताए । उनले कोरोना भाइरसबाट अति प्रभावित क्षेत्र उदयपुरको भुल्केमा पत्रकारहरु साधारण मास्कको भरमा रिपोर्टिङ गरिरहेको भन्दै पत्रकारको सुरक्षामा विशेष ध्यान दिन सरकारसँग माग गरे । कार्यक्रमको सहजता महासंघका सचिव प्रकाश थापाले गरेका थिए ।

## प्रदेश १ को जोड ई–लर्निङमा

# ‘झोला र पुस्तकरहित विद्यालय अभियान छिटो हुने भयो’




**काठमाडौं/मस-** प्रदेश १ सरकारले कोरोना संक्रमण र लकडाउन लम्बिँदै गए आर्थिक बर्ष ०७७/०७८ को बजेटअघि बाटै विद्युतीय माध्यममार्फत् ‘इ-लर्निङ’ विधिबाट पठनपाठन गराउने तयारी थालेको छ । त्यसका लागि सरोकारवालासंग परामर्श भइरहेको र छिट्टै निर्णयमा पुगिने सामाजिक विकासमन्त्री जीवन घिमिरेले बताएका छन् ।

शिक्षा पत्रकार समूहले कोरोना प्रभाव र प्रदेश १ ले शिक्षा व्यवस्थापनका लागि गरेको तयारीबारे सामाजिक विकासमन्त्री घिमिरेसँग आईतवार (२१ बैशाख) मा गरेको भर्चुअल प्रेस मिटमा बोल्दै उनले ई-शिक्षण सिकाईमा जोड दिएका हुन् । ई-लर्निङका लागि प्रदेश सरकारले आउँदो बजेटमा विद्यालयलाई प्रविधिमैत्री बनाउने, इन्टरनेट पहुँच विस्तार गर्ने, डिजिटर साक्षरता र शिक्षकलाई डिजिटल कोर्सको तालिम दिने तयारी गरिएको मन्त्री घिमिरेले बताए ।

आफू मन्त्री भएपछि पहिलो निर्णय नै विद्यालयबाट झोला र किताब बिस्थापित गर्ने गरेको स्मरण गर्दै मन्त्री घिमिरेले १० बर्षभित्र पूरा गर्ने भनिएको सो लक्ष्य कोरोना संक्रमणका कारण छिट्टै पूरा हुने दाबी गरे । “१० बर्षभित्र झोला र किताबरहित विद्यालय बनाउने भनिएको थियो । कोरोनाका कारण छिटो हुने स्थिती देखियो” उनले भने । प्रदेश सरकारले इलर्निङका लागि डिजिटल कोर्स तयार गर्नुका साथै छुट्टै निर्देशिका बनाइएको छ । त्यस्तै, प्रदेशस्तरमा सामाजिकमन्त्रीको अध्यक्षतामा निर्देशक समिति र प्रदेश शिक्षा विकास निर्देशकको संयोजकत्वमा कार्यान्वयन समितिले समेत छ । पूर्वाञ्चल विश्वविद्यालयकी पूर्व उपकूलपति विजु थपलियाको नेतृत्वमा विज्ञ समूह बनाएरै इलर्निङका लागि काम भइरहेको मन्त्री घिमिरेले जनाए ।

प्रदेश १ मा अहिले ई लर्निङका लागि एक सय सामुदायिक विद्यालय छनौट गरी त्यहाँ कार्यरत तीन हजार शिक्षकलाई डिजिटल कोर्सको तालिम दिइँदैछ । लक डाउनका बेला पनि झण्डै ६ सय शिक्षकलाई भर्चुअल माध्यमबाट प्रशिक्षण दिइरहेको छ । पहिलो चरणमा एक सय शिक्षकले सो तालिम लिइसकेको उल्लेख गर्दै उनले भने, “लक डाउनका कारण अहिले तालिम स्थगित छ । हाम्रो उद्देश्य डिजिटल साक्षरता रहेकाले यो कामलाई आउँदो बर्ष प्राथमिकतामा राख्छौ ।”

आफ्ना बालबालिकालाई विद्यालय छाड्न जाने, खाजा लैजाने र लिन जाने आमाहरुका लागि डिजिटल साक्षरताका कक्षा संचालन थालिएको मन्त्री घिमिरेले बताए । प्रदेश सरकारले नौ सयवटा विद्यालयमा इ लर्निङ ल्याब बनाइसकेको जनाएको छ ।

इन्टर्नेट, टेलिभिजन र रेडियोको पहुँच पुगेका क्षेत्रमा तत्कालै भर्चुअल कक्षा सुरु गर्ने र पहुँच नपुगेका क्षेत्रमा सेवा बिस्तार गर्ने योजना बनाइएको उनले बताए । आउँदो आर्थिक वर्षको बजेट भाषण अगावै अध्ययन रिपोर्ट आइसक्ने र सोही अनुसार बजेट छुट्याइने पनि मन्त्री घिमिरेको भनाइ छ ।

# रथी शर्मालाई दर्ज्यानी चिन्ह प्रदान



**काठमाडौं/मस-** प्रधानसेनापति पूर्णचन्द्र थापाले रथीमा पदोन्नति भएका प्रभुराम शर्मालाई दर्ज्यानी चिन्ह प्रदान गरेका छन् । जंगी अड्डामा आयोजित एक कार्यक्रममा प्रधानसेनापति थापाले शर्मालाई दर्ज्यानी चिन्ह प्रदान गरेका हुन् । शर्मालाई वैशाख १४ गते बसेको मन्त्रिपरिषद् बैठकले रथीमा बढुवा गरेको थियो ।

रथीमा पदोन्नति भएका शर्मालाई बलाध्यक्षको जिम्मेवारी दिइएको छ । शर्मा प्रधानसेनापतिको प्रमुख दावेदार समेत हुन् । बलाधिकृत रथी शरद गिरीले असार पहिलो साता अवकास पाएपछि शर्मा बलाधिकृत रथी बन्नेछन् । शर्माको कार्यकाल २०७८ पुस सम्म रहनेछ । अहिलेको प्रावधान अनुसार २०७८ भदौमा वर्तमान प्रधानसेनापति थापाले अवकाश पाउनेभएकाले शर्मा प्रधानसेनापति बन्न सक्छन् ।

यसैबीच सहायक रथीबाट उपरथीमा बढुवा भएका कुमार अधिकारी र संजय थापाले प्रधानसेनापति थापाबाट दर्ज्यानी चिन्ह पाएका छन् । उपरथी अधिकारीलाई उपत्यका पृतनाको पृतनापति र अर्का उपरथी थापालाई मध्य पश्चिम पृतनाको पृतनापतिको जिम्मेवारी दिइएको छ ।

# बागमती प्रदेशको प्रदेशसभा बोलाउने तयारी



**हेटौंडा/मस-** बागमती प्रदेशको प्रदेशसभा सञ्चालन गर्ने तयारी भएको छ । सोही क्रममा मुख्यमन्त्री डोरमणि पौडेलले आइतबार प्रदेशसभा भवनको निरीक्षणसमेत गरेका छन् । पौडेलले सुरक्षित तवरले बैठक सञ्चालन गर्न उपयुक्तताको जानकारी लिन प्रदेशसभा भवनको अवलोकन गरेको मुख्यमन्त्रीको सचिवालयले जानकारी दिएको छ ।

अवलोकनका क्रममा मुख्यमन्त्री पौडेल र सभामुख सानुकुमार श्रेष्ठबीच बैठक सञ्चालनसम्बन्धी छलफलसमेत भएको मुख्यमन्त्रीका प्रेस संयोजक प्रकाश दाहालले जानकारी दिए । उनका अनुसार छलफलमा भौतिक दूरी कायम गरेर बैठक सञ्चालन गर्ने विषयमा कुराकानी भएको थियो ।

निरीक्षणपछि मुख्यमन्त्री पौडेलले बजेट ल्याउने समय भएकाले प्रदेशसभा आह्वान गर्न जरुरी रहेको बताए । उनले चाँडै बैठक बोलाउने तयारीस्वरुप भवनको निरीक्षण गरिएको जानकारी दिए ।

सो अवसरमा प्रदेशका सभामुख सानुकुमार श्रेष्ठले कोरोना भाइरसको माहामारीको ख्याल गर्दै बैठक सुरक्षित र व्यवस्थित हुने बताए । प्रदेशसभा सदस्यहरुमा सङ्क्रमणको जोखिम कम गर्न आउजाउको समस्या कम गर्नका लागि सदस्यहरुलाई राजधानी हेटौंडामा सुरक्षित बासस्थानको व्यवस्था गरिने जानकारी दिए । सभामुख श्रेष्ठले जेठको पहिलो हप्तासम्म प्रदेशसभा बोलाउने तयारी भइरहेको बताए ।

मुख्यमन्त्री पौडेलसँग आन्तरिक मामिला तथा कानूनमन्त्री शालिकराम जम्मकट्टेल, भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुयाँल, प्रमुख सचिव तोयम राय, मुख्यमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार जे एन थपलियालगायतले प्रदेशसभा भवनको अवलोकन तथा निरीक्षण गरेका हुन् ।

### थपिए...

पाठ गरिआएका एक धर्मगुरुमा कोरोना पोजेटिभ देखिएपछि समुदायमा भय देखिएको नेपालगञ्जका मुसलमान समुदायका अगुवा मोहम्मद हारुन हलवाईले बताए ।

‘पहिलेदेखि नै मान्छे डराइरहेका थिए, घरमै बसेर नमाज पढ्ने काम भइरहेको थियो’, उनले भने, ‘हिजो एक जनामा कोरोना देखिएपछि अहिले धेरै त्रास भएको छ, रमजान प्रभावित नहुने कुरै भएन ।’

उनले त्रास मात्रै गरेर केही नहुने भएकाले यसमा थप सतर्कता अपनाउनका लागि टोलटोलमा अनुगमन गरी बाहिर ननिस्किन आग्रह गरिएको बताए । रोजाको बेला मस्जिदमा गएर नमाज पढ्ने परम्परा रहे पनि कोरोना सङ्क्रमणको जोखिमलाई ध्यानमा राखी यस वर्ष रमजानका सबै धार्मिक कार्य घरमै गर्न आग्रह गरिएको धर्मगुरु मौलाना अव्दुल जव्वार मञ्जरीले बताए ।

‘घरभित्रै रहेर रमजानको कार्यक्रम भइरहेको थियो, नेपालगञ्जमै कोरोना देखिएपछि थप डर त्रास फैलिएको छ’, उनले भने । बन्दाबन्दीका कारण घरबाहिर निस्किन नपाइरहेका अवस्थामा अब कोरोना सङ्क्रमण देखिएकाले थप सतर्कताका साथ घरभित्रै धार्मिक कार्य गर्न उनले आग्रह गरे । उनले रोग कुनै एक धर्म र समुदायसँग जोडिएको विषय नभएकाले समुदायमा रहेका सम्भावित कोरोना सङ्क्रमित र आशङ्कित व्यक्तिको पनि पहिचान गरी स्वास्थ्य परीक्षण गर्नगराउन लाग्नुपर्नेमा जोड दिए ।

### मलेसियामा....

काम गरेपनि तलव नपाएको गुनासो गरिरहेको जानकारी आएको बताएका छन् ।

यसै गरी जनउद्धार केन्द्र मलेसियाले रोजगारी पश्चात नेपाल फर्किन पर्खिरहेकाहरुमध्ये धेरैजसोको भिसाको म्याद सकिएको र उनीहरु विस्तारै शारिरीक र मानसिक विरामी पर्दै गएको भन्दै सहयोगका लागि दूतावाससँग आग्रह गरेको छ ।

### बोलाइयो...

टोलीले सङ्घीय संसद् भवनमा यही वैशाख १८ गते गरेको स्थलगत अनुगमनका क्रममा दिएको सुझावलाई आधार बनाएर सांसदहरुको बसाइ व्यवस्थापन गरिरहेको जनाएको छ ।

यही वैशाख १८ गते स्वास्थ्य सेवा विभाग, टेकुका वरिष्ठ मेडिकल सुपरिटेन्डेन्ट डा अमृत पोखेलसहितको तीन सदस्यीय टोलीले सङ्घीय संसद् भवनको स्थलगत अनुगमन गरेको थियो । अनुगमनपछि स्वास्थ्य टोलीले सबै सांसदहरुको स्वास्थ्य परीक्षण गरेर मात्रै सभाहलमा प्रवेश गराउन र सभाहलमा प्रवेश गर्नुअघि साबुन पानीले हात धुने व्यवस्था मिलाउन सुझाव दिएको थियो । टोलीले सांसदहरुका लागि सर्जिकल मास्कको प्रयोग अनिवार्य गर्न, सभाहलमा प्रयोग हुने माइक एकजना सांसदले बोलिसकेपछि सानिटाइज गरेर मात्रै अर्को सांसदले बोल्ने व्यवस्था मिलाउन, हरेक टेबलमा सानिटाइजर राख्न, बैठक कक्षको ‘सेन्ट्रल एसी’ नचलाउनेलगायतका सुझाव दिएको थियो ।

### सिट....

तथा जनसंख्या मन्त्रालयसँग पनि छलफल गरेको थियो । छलफलपछि गत वैशाख १८ गते स्वास्थ्य सेवा विभाग, टेकुका वरिष्ठ मेडिकल सुपरिटेन्डेन्ट डा अमृत पोखेलसहितको तीन सदस्यीय टोलीले सङ्घीय संसद् भवनको स्थलगत अनुगमन गरेको थियो । अनुगमनपछि स्वास्थ्य टोलीले सबै सांसदहरुको स्वास्थ्य परीक्षण गरेर मात्रै सभाहलमा प्रवेश गराउन र सभाहलमा प्रवेश गर्नुअघि साबुन पानीले हात धुने व्यवस्था मिलाउन सुझाव दिएको थियो । टोलीले सांसदहरुका लागि सर्जिकल मास्कको प्रयोग अनिवार्य गर्न, सभाहलमा प्रयोग हुने माइक एकजना सांसदले बोलिसकेपछि सानिटाइज गरेर मात्रै अर्को सांसदले बोल्ने व्यवस्था मिलाउन, हरेक टेबलमा सानिटाइजर राख्न, बैठक कक्षको ‘सेन्ट्रल एसी’ नचलाउने लगायतका सुझाव दिएको थियो । सोही सुझाव बमोजिम आगामी सदन सञ्चालन गर्न सिटको अभाव निकै चुनौतीपूर्ण देखिएको र छलफल गरेर यसको समाधानतर्फ केन्द्रित हुने सचिवालयले जनाएको छ ।

सचिवालयले विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड र स्वास्थ्य सेवा विभाग, टेकुका चिकित्सक टोलीले सङ्घीय संसद् भवनमा यही वैशाख १८ गते गरेको स्थलगत अनुगमनका क्रममा दिएको सुझावलाई आधार बनाएर सांसदहरुको बसाइ व्यवस्थापन गरिरहेको दाबी गर्दै आएको छ । आगामी नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दा सांसदहरुले आफ्ना कुरा राख्नुनपर्ने हुँदा बालकोनी र हलको प्रयोगले सदन सहज सञ्चालन गर्न सकिने देखिन्छ । तर, बालकोनीमा सांसदहरुलाई राखेर सदन सञ्चालन गर्न सकिने भएपनि उक्त स्थानबाट रोस्टममा बोल्न वा नाम टिपाउन असहज हुने सचिवालयको भनाई छ ।


## Isma Rural Municipality
### Office of the Rural Municipal Executive
Ismarajasthal, Gulmi
Province No. 5, Nepal

## Invitation for Sealed Quotations

**Invitation for Quotations for the Construction of Kauchhe Roditar Irrigation Canal**

Contract Identification No: OIRM-GUL-SQ-14-076/77
Date of publication: 2077/01/22(4th May, 2020)

1. The Office of Isma Rural Municipality, Isma Rajasthal, Gulmi invites sealed quotations for the Construction of Kauchhe Roditar Irrigation Canal. The estimated amount for the works is ***1,933,500.38 inclusive of VAT.***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Isma Rural Municipality, Isma Rajasthal,Gulmi, web: ismamun.gov.np, email: ismaruralmunicipality@gmail.com, Ph. No. 9857011086 or may visit PPMO ***website www.bolpatra.gov.np.]***
3. Bidder shall submit their bid electronically and download the bidding documents for e-submission from PPMO's e-GP [i.e www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 1,000.00 (Non-refundable) in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   ***Name of the Bank: Bank of Kathmandu Ltd. Branch, Isma ,Gulmi***
   ***Name of Office: Isma Rural Municipality Gulmi***
   ***Office Code no. : 8010552035 Office Account no.: 018100000051524 Rajaswa (revenue).***
4. Sealed bids must be submitted to the office of Isma Rural Municipality, Ismarajasthal, Gulmi through e-GP system ***i.ewww.bopatra.gov.np/egp]***on or before 12:00 on 2077/02/06(19th May, 2020). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on 2077/02/06(19th May, 2020) at the office of Isma Rural Municipality, Ismarajasthal, Gulmi. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 50,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [insert the date]).
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# समीक्षाको सबै खर्च एन्फाले व्यहोर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ वैशाख

यु-१६ महिला फुटबल खेलाडी समीक्षा मगरको सम्पूर्ण उपचार खर्च अखिल नेपाल फुटबल संघ (एन्फा) ले बेहोर्ने भएको छ।

एन्फाका केन्द्रिय सदस्य तथा प्रवक्ता किरण राई आइतबार समीक्षाको उपचार भइरहेको विराटनगरस्थित आँखा अस्पतालमा पुगेर उनको उपचारमा लाग्ने सबै खर्च एन्फाले बेहोर्ने बताएको हुन्। प्रवक्ता राईले समीक्षाको आर्थिक अवस्था कमजोर रहेको र सुरुवातमा समस्या नहोस् भनेर नै एन्फाले प्रारम्भिक चरणमा २५ हजार रुपैया सहयोग गरिएको बताउदै उनको उपचारमा लाग्ने सबै खर्च एन्फाले नै बेहोर्ने बताएको हो।

'केही साथीहरुमा समिक्षाको उपचारमा एन्फाले २५ हजार मात्रै सहयोग भन्ने भ्रम परेको छ। त्यस्तो होइन, समीक्षाको उपचारको सम्पूर्ण खर्च एन्फाले बेहोर्नेछ' प्रवक्ता राईले भने।

'हामीले प्रारम्भमा खर्च चलाउन रकम उपलब्ध गराएको हो। यो अन्य खेलाडीमा गराएको थिएन। समीक्षालाई नै पहिलोपटक गरिएको हो। उनको परिवारलाई ढुक्क हुन आग्रह र शिघ्र स्वाथ्यलाभको कामना गर्दछु।' राईले भने।



विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीले समीक्षाको उपचारको लागी व्यक्तिगत रुपमा २५ हजार रुपैयाँ सहयोग गर्दै महानगरपालिकाले जुनसुकै सहयोग गर्ने र केही कमजोरी नहुने बताएका छन्। प्रशिक्षक भगवती राना मगरले चिकित्सकका अनुसार समीक्षाको आँखाको दृष्टि फर्कन नसक्ने बताएइन्।

प्रशिक्षक रानाले अहिले समीक्षाको आँखाको घाँउको इन्फेक्सनलाई कम गर्ने प्रयास भइरहेको र त्यसपछि अप्रेसन गर्ने तयारी भइरहेको जानकारी दिइन्।

समीक्षाको गत बैशाख १२ मा उदयपुरस्थित घरको बारीमा काम गर्ने क्रममा ढुङ्गाले लागेर दाहिने आँखामा चोट लागेको थियो। धरानमा उपचार गराउन लैजादाँ कोरोनाको आशंकामा दुई दिन आइसोलेशनमा राख्दा इन्फेक्सन भएको थियो। समीक्षाले विद्यालयस्तरीय क्विक्स कप खेलेकी थिइन्।

समीक्षाको उपचारको लागि एन्फासँगै विराट सांग्रिला स्पोर्टिङ क्लबले समान २५ हजार, नेपाली महिला राष्ट्रिय फुटबल टोली र महिला विभाग प्रमुख तथा महिला राष्ट्रिय फुटबल टोलीका पुर्व प्रशिक्षक हरि खड्का र अफिसियलले संयुक्त रुपमा ५० हजार रुपैयाँ पुरस्कार दिने घोषणा गरेको थियो। पुरुष फुटबल टोली, पुरुष साग यु-२३ टोली र 'ए' डिभजन क्लब मनाङ-मर्स्याङ्दी क्लबले समिक्षाको उपचारको लागि आर्थिक सहयोग गरेका छन्।

नेपाली राष्ट्रिय महिला टोलीले समिक्षालाई ५० हजार रुपैया सहयोग गर्ने घोषणा गरेको हो। यस्तै नेपाली राष्ट्रिय पुरुष फुटबल टिमले ३० हजार रुपैया र १३औं दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्णपदक जित्न सफल नेपाली यु-२३ पुरुष टिमले १० हजार रुपैया, 'ए' डिभिजन क्लब नेपाल आयल निगम मनाङ-मर्स्याङ्दी क्लबले ३० हजार रुपैया तथा फुटबल खेलाडी अनिता श्रेष्ठले २६ हजार रुपैया सहयोग गरेका छन्।

# भारतमा कोरोनाबाट १३ सयको मृत्यु

**नयाँदिल्ली, एजेन्सी–** भारतमा कोरोनाभाइरसबाट संक्रमित व्यक्तिको संख्या दिनदिनै बढिरहेको छ। पछिल्लो २४ घण्टामा भारतमा कोरोनाभाइरसको संक्रमणबाट ८३ जनाको मृत्यु भएको छ भने २ हजार ६४४ जना संक्रमित भेटिएका छन्।

भारतमा योसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या १ हजार ३०१ जना पुगेको छ भने संक्रमितको संख्या ३९ हजार ९८० जना पुगेको भारतीय केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

हाल भारतमा कोरोना संक्रमितमध्ये १० हजार ६३३ जना निको भएका छन्। कूल संक्रमितमध्ये २८ हजार ४६ जना उपचारकै कममा रहेका छन्। भारतीय राज्य महाराष्ट्रमा सबैभन्दा बढी संक्रमित देखिएका छन्। प्राप्त विवरण अनुसार त्यहाँ संक्रमितको संख्या १२ हजार २९६ पुगेको छ भने ५२१ जनाको मृत्यु भएको छ।

गुजरातमा ५ हजार ५४ जना संक्रमित भएका र २६२ जनाको मृत्यु भएको छ। राजधानी



नयाँदिल्लीमा ४ हजार १२२ जना संक्रमित भएका मध्ये ६४ जनाको ज्यान गएको छ। एक हजार २५६ जनाको उपचार गरिएको छ।

त्यसैगरी मध्यप्रदेशमा २ हजार ८४६ जनामा कोरोना पोजेटिभ देखिएकामा ६२४ जना ठीक भएका र १५१ जनाको ज्यान गएको छ। उत्तर प्रदेशमा ४३ जनाको मृत्यु भएको छ जहाँ २ हजार ४८७ जनामा कोरोना देखिएकामा ६८९ जना निको भएका छन्। भारतमा पहिलो पटक कोरोना देखिएको केरला राज्यमा ४९९ जनामा कोरोना संक्रमण देखिएको छ।

भारतमा आगामी मे १७ तारिखसम्म लकडाउन घोषणा गरिएको छ। तर कोरोना संक्रमणको आधारमा मुलुकलाई अति प्रभावित, सामान्य र कोरोना संक्रमण नदेखिएका क्षेत्रमा वर्गीकरण गरी लकडाउनलाई खुकुलो पारिने भारतीय गृह मन्त्रालयले जनाएको छ।

# २०३२ को ओलम्पिकमा भारतको दावी




**काठमाडौं, एजेन्सी–** सन् २०३२ मा आयोजना हुने ओलम्पिक खेलको आयोजनाका लागि भारतले पनि दावेदारीता प्रस्तुत गर्ने भएको छ। भारतीय ओलम्पिक कमिटीका अध्यक्ष नरेन्द्र बत्राले सन् २०३२ को ओलम्पिक आयोजनाका लागि भारत आफ्नो दावेदारीता पेश गर्ने तयारीमा लागेको बताएका छन्।

सन् २०१० को कमनवेल्थ गेम्सको आयोजनापछि देशले धेरै सिकेको र ओलम्पिक आयोजना गर्न सक्ने क्षमतामा पुगेको उनको भनाई छ। यसका साथै उनले सन् २०२६ को युथ ओलम्पिक गेम्सको आयोजनाका लागि पनि गम्भीर रहेको धारणा राखे। भारतीय ओलम्पिक कमिटीले आइओसीलाई २०३२ को गृष्मकालिन ओलम्पिक आयोजनाको दावेदारीताका लागि पत्र पठाएको बताए। तर भारतका लागि यो सजिलो नहुने उनको धारणा छ। २०३२ को ओलम्पिक आयोजनाको लागि अष्ट्रेलियाको क्विन्सल्याण्ड, सांघाई र सियोलले पनि दावेदारीता गर्ने संभावना रहेको छ। तर पनि भारतले अहिलेबाट नै त्यो ओलम्पिक आयोजनाका लागि आफ्नो तयारी सुरु गरेको बताए।

# दुई कोरियाको सीमा क्षेत्रमा गोली चल्यो



**सियोल, एजेन्सी–**उत्तर र दक्षिण कोरियाको सीमा क्षेत्रमा सुरक्षाकर्मीहरुबीच गोली हानाहान भएको दक्षिण कोरियाली उच्च सैन्य अधिकारीले बताएका छन्। दुई कोरियालाई छुट्टयाउने असैनिक क्षेत्रमा उक्त घटना भएको हो। पछिल्लो पाँच वर्षयता पहिलो पटक उत्तर कोरियाली सैनिकहरूले दक्षिण कोरियाली सुरक्षापोस्टतर्फ लक्षित गरी तीसौं राउन्ड गोली चलाएका थिए।

जवाफमा दक्षिण कोरियाली सेनाले पनि दुई पटक गोली प्रहार गरेको उनीहरुको थियो। दक्षिण कोरियाको सेनाले निकालेको वक्तव्यमा गोली हानाहान भएपनि कुनै मानवीय क्षति भने नभएको उल्लेख गरिएको छ। उत्तर कोरियाका सर्वोच्च नेता किम जोन उन झण्डै २० दिनपछि सार्वजनिक भएको भोलिपल्ट यस्तो घटना भएको हो। सर्वोच्च नेता उन अस्वस्थ रहेको भन्दै केही दिनदेखि हल्ला चलेको थियो भने दक्षिण कोरियाली अधिकारीहरुले हल्ला चलाएको बताइएको थियो।

दोस्रो विश्वयुद्धको अन्त्यमा दुई कोरिया विभाजित भएका थिए। बाहिर सम्बन्ध सुध्रिए जस्तो देखिए पनि यी दुई मुलुकका बीचमा अझै पनि धेरै विषयमा शत्रुतापूर्ण सम्बन्ध रहेको छ।

# युरोपमा लकडाउन खुकुलो बनाउन पहल शुरु

**म्याड्रिड, एजेन्सी–** कोरोनाभाइरसको महामारीको खतरा केही मत्थर भएको जनाउँदै युरोपेली मुलुकहरुले हाल जारी गरिएका कडा प्रतिबन्धलाई केही खुकुलो बनाउने योजना आइतबार अघि सारेका छन्। सरकारले प्रतिबन्धलाई खुकुलो बनाउने जनाएलगत्तै ४८ दिनदेखि कैदीझैं घरभित्र बस्न बाध्य स्पेनी नागरिकहरु पहिलोपल्ट जगिङ गर्न, साइकल कुदाउन र रोलरस्केटमा हुँइकिन सडकमा देखिएका छन्।

विश्वभर कोरोनाभाइरसबाट २ लाख ४२ हजार भन्दा बढी मानिसको मृत्यु भइसकेको छ भने ३४ लाखभन्दा बढी मानिस संक्रमित भएका छन्। यहीबीच युरोप र संयुक्तराज्य अमेरिकाका केही भागमा प्रतिबन्धहरु खुकुलो बनाउन थालिएको छ।

कोरोनाभाइरसको संक्रमण रोक्न विश्वको आधाभन्दा बढी जनसंख्यालाई लकडाउनमा राखिएको छ भने विश्व अर्थतन्त्रमा व्यापक मन्दी छाएको छ।

संक्रमणको फैलावट नियन्त्रणमा आएको संकेत देखिएसँगै युरोप र संयुक्तराज्य अमेरिकामा केही सातादेखि बन्द रहेका उद्योग व्यवसाय खोल्न थालिएको छ। लकडाउनमा बन्धकझैं जीवन बिताउनु परेका मानिसले जनजीवन खुकुलो बनाउन दिनहुँ दबाब दिएपछि सरकारहरुले पनि बैकल्पिक सोच अघि सारेका छन्।

विश्वमै कोरोनाभाइरसका कारण ठूलो संख्यामा नागरिक गुमाएको इटालीमा दुई महिनाको लकडाउनपछि सोमबार मानिसहरूलाई पार्कमा घुम्न र आफन्तहरूलाई भेट्न अनुमति दिइने छ। रेस्टुरेन्टबाट खानेकुरा किनेर लैजान पाइने छ भने ठूला होलसेल स्टोरहरूले व्यवसाय पुनः सुरु गर्न सक्नेछन्।

हंगेरीमा केही स्टोरहरू र संग्रहालयहरू, रेस्टुरेन्ट र होटलहरूको बाहिरी ठाउँ, समुद्र तट र नुहाउने ठाउँ सोमबारदेखि पुनः खोल्न पाइने छ। तर राजधानी बुडापेस्टमा प्रतिबन्धहरु यथावत रहनेछ किनभने यहाँ देशभित्र कोरोना संक्रमितको कूल संख्याको झण्डै ७० प्रतिशत घटनाहरू रेकर्ड गरिएको छ।



जर्मनीमा पनि यस साताको शुरुदेखि नै लकडाउनलाई अझ खुकुलो पारिँदैछ। केही क्षेत्रका स्कूलहरू फेरि खोल्ने अपेक्षा गरिएको छ भने स्लोभेनिया र पोल्याण्डमा केही व्यवसाय र सार्वजनिक ठाउँहरूमा मानिसलाई जमघट हुन दिइने छ।

फ्रान्सले आगामी मे ११ पछि आंशिक रूपमा आफ्नो लकडाउन खुकुलो बनाउने जनाएको छ। स्वास्थ्य विशेषज्ञहरूले सामान्य लापरवाहीले पनि यो रोग पुनः फैलिने खतरा औंल्याएसँगै युरोपेली सरकारहरुले सामाजिक दूरीलाई कडाईका साथ पालना गर्ने, मास्कको प्रयोग अनिवार्य गर्ने तथा बढीभन्दा बढी परीक्षण गर्नेमा जोड दिएका छन्। इटालीका आपतकालीन सेवाका कर्मचारी डोमेनिको आर्कुरीले 'हामीले सामाजिक दूरी कायम गर्नुपर्छ, स्वच्छताको स्तर कायम गर्नुपर्छ, र मास्कको प्रयोग बढाउनु पर्छ' भने।

चिन्ताका बाबजुद शनिबार स्पेनमा लकडाउन खुकुलो पारिएसँगै मानिसहरुमा खुशी छाएको थियो। सात हप्तादेखि सरकारले लगाएको कडा प्रतिबन्धका कारण घरभित्रै बस्न बाध्य नागरिकहरु व्यायाम गर्न र स्वतन्त्र रुपमा हिँडडुल गर्न पाउँदा खुशीले रमाएका थिए। कोरोनाभाइरसकै कारण स्पेनमा २५ हजारभन्दा बढी नागरिकको ज्यान गएको थियो।

उता, संयुक्तराज्य अमेरिकामा कोरोनाभाइरसका कारण लकडाउनमा बस्न विवश नागरिकहरुले नेताहरुमाथि जनजीवनलाई सहज तुल्याउन दबाब दिइरहेका छन्। अमेरिकामा उद्योग व्यवसाय बन्द हुँदा करोडौं मानिस बेरोजगार भएका छन् भने लकडाउनको विरोधमा प्रदर्शनहरु भइरहेका छन्।

हतियार सहितका केही प्रदर्शनकारीको भीडले न्यु ह्याम्पशायर र केन्टकीमा लकडाउन विरुद्ध चर्को विरोध प्रदर्शन गरेको छ जबकि क्यालिफोर्नियाको हन्टिङ्टनको समुद्री बीचमा केही सर्फरहरूले स्थानीय सुरक्षाकर्मीको आदेशको समेत बेवास्ता गरेका थिए।

'सर्फिङ यहाँको अत्यावश्यक व्यवसाय हो' २५ वर्षे टोडले एएफपीलाई बताए। संयुक्तराज्य अमेरिकामा विश्वमा सबैभन्दा बढी कोरोनाभाइरसका कारण मानिसको मृत्यु भएको छ र राष्ट्रपति डोनाल्ड ट्रम्प आर्थिक पीडा कम गर्न निकै उत्सुक देखिएका थिए।

अमेरिकाका कतिपय क्षेत्रमा महामारीको असर कम हुँदै गएको देखिएको छ। न्यूयोर्कस्थित सेन्ट्रल पार्कमा निर्माण गरिएको आपतकालीन फिल्ड (अस्थायी) अस्पताल बन्द गर्न लागिएको छ।

अमेरिकाका जेलमा संक्रमणको ठूलो लहर देखा परेको अधिकारीहरुले बताएका छन्। अमेरिकी कारागारमा हाल २३ लाख कैदीबन्दी छन्।

# भारतमा 'श्रमिक विशेष रेलसेवा'को निर्देशिका जारी



**नयाँदिल्ली, एजेन्सी–** भारतीय रेलसेवाले लकडाउनका बेला पनि चल्नेगरी 'श्रमिक विशेष रेलसेवा' संचालनमा ल्याउन विशेष निर्देशिका जारी गरेको छ। विशेष गरेर कामदारहरु आवतजावत गर्न पाउने र उनीहरुलाई सम्बन्धित ठाउँमा पुऱ्याउने उद्देश्यले श्रमिक विशेष रेलसेवा शुरु गर्न लागिएको हो।

यो विशेष रेलसेवाबाट कामदार, तिर्थयात्री, पर्यटक, विद्यार्थी र अन्यत्र जान नपाएर अलपत्र परेकाहरुलाई सेवा दिइने भएको छ। प्रदेश सरकारको प्रशासनको सिफारिसका आधारमा प्रदेशस्तरका रेलसेवा मात्रै सञ्चालन हुने अधिकारीहरुले जनाएका छन्। तर उनीहरुका लागि निर्देशिका भने केन्द्रीय सरकारले नै जारी गरेको छ।

केन्द्रीय रेल मन्त्रालयले केही सर्त र मापदण्डहरु समेत उल्लेख गरेर निर्देशिका जारी गरेको समाचारमा जनाइएको छ।

हरेक यात्रुले अनिवार्य रुपमा मास्क लगाउनु पर्ने, बढीमा १२ घण्टाको मात्रै यात्रा गर्न पाइने, एक छाक खाना रेलसेवाले नै उपलब्ध गराउने निर्देशिकामा उल्लेख गरिएको छ।

त्यसैगरी हरेक यात्रुलाई प्रदेश सरकारले नै जिम्मा लिनु पर्ने, प्रदेशले नै उनीहरुलाई आवश्यकता र अवस्था अनुसार स्वास्थ्य परीक्षण गर्नु पर्ने, क्वारेन्टाइन र बाँकी यात्राको व्यवस्था गर्नु पर्नेछ।

रेल तथा रेल स्टेशनहरुमा सामाजिक दुरीलगायतका स्वास्थ्य सतर्कता पूर्ण रुपमा अपनाउनु पर्ने शर्त पनि राखिएको छ।

भारतमा सरकारले मे ३ अर्थात आइतबारदेखि सकिन लागेको लकडाउनको अवधि फेरि लम्ब्याएर यही मे १७ सम्म पुऱ्याएको छ। अहिले मे ४ देखि लागू हुने गरी थप दुई साताको लागि तेस्रो चरणको लकडाउन गर्ने निर्णय शुक्रबार गरिएको हो। भारतमा पहिलो चरणको लकडाउन २४ मार्चमा लगाइएको थियो।

कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण गर्न भन्दै लकडाउन घोषणा गर्ने ठूला देशहरुमध्ये भारत अग्रस्थानमा पर्दछ। भारतमा घोषणा गरिएको लकडाउनलाई सबैभन्दा ठूलो र सबैभन्दा लामो अवधिको लकडाउन भनिएको छ।

# वल्ड ट्राफोर्डमा दर्शकलाई प्रतिबन्ध




**काठमाडौं, एजेन्सी–**कोरोना संक्रमणबाट फुटबल सुचारु भए पनि सन् २०२१ को सिजनसम्म म्यानचेस्टर युनाइटेडले आफ्नो रंगशाला वल्ड ट्राफोर्डमा दर्शक प्रवेशमा रोक लगाउने भएको छ। त्यसका लागि क्लवले सम्पूर्ण तयारी गरिरहेको छ। आफ्ना समर्थकलाई ६ महिनासम्म मैदानमा प्रवेशका लागि रोक लगाउने भएको छ। द मिररका अनुसार युनाइटडले फुटबल सुचारु भए पनि २०२१ को सिजनसम्ममा दर्शकलाई प्रवेशमा रोक लगाउने भएको छ।

यसको अर्थ प्रतिष्ठित मैदानमा अर्को सिजनसम्ममा कुनै पनि दर्शकले बसेर हेर्न नपाउने भएका छन्। युनाइटेडमात्र होइन अरु ठूला क्लवले पनि अर्को सिजनसम्ममा मैदानमा समर्थकको प्रवेशमा रोक लगाउने छन्। त्यो समयसम्ममा कोरोनाको भ्याक्सिन उपलब्ध हुने अनुमान उनीहरुको रहेको छ।

# पाकिस्तानमा कोरोनाभाइरसबाट १९ हजार संक्रमित




**इस्लामावाद, एजेन्सी–** विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसका कारण पाकिस्तानमा सङ्क्रमितको संख्या झण्डै १९ हजार पुगेको छ। पाकिस्तानी अधिकारीहरुले आइतबार दिएको जानकारी अनुसार देशभरी कुल १८ हजार ८०९ जना सङ्क्रमित भएका हुन्। त्यसैगरी कोरोना भाइरसको सङ्क्रमणका कारण मृत्यु हुनेको संख्या ४३२ पुगेको पनि अधिकारीहरुले जानकारी दिएका छन्।

पछिल्लो विवरण अनुसार पञ्जाब प्रान्तमा छ हजार ८५४ जना, सिन्धमा सात हजार १०२ जना, केपीमा दुई हजार ९०७ जना र बालुचिस्तानमा एक हजार १७२ जना सङ्क्रमित भएका छन्।

पछिल्लो २४ घण्टामा १८ जना स्वास्थ्यकर्मी पनि सङ्क्रमित भएका छन्। तीमध्ये १५ जना त चिकित्सक नै रहेका छन्।

जस्तो सीप उस्तै रोजगार

मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

OXFORD International

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

कोरोना कहर :

# विद्युत् महसुल सङ्कलन हुन नसक्दा समस्यामा प्राधिकरण

**रमेश लम्साल/रासस**
काठमाडौँ, २२ वैशाख

कोरोनाको सङ्क्रमण हुन नदिन सरकारले जारी राखेको लकडाउनका कारण नेपाल विद्युत् प्राधिकरणलाई विद्युत् महसुल सङ्कलन गर्न समस्या परेको छ। प्राधिकरणले मासिक रु ६ अर्ब बराबरको महसुल उठाउँदै आएको भए पनि लकडाउनका कारण मासिक रु ६० लाखको हाराहारीमा मात्रै महसुल उठिरहेको छ। कोरोनाको सङ्क्रमण फैलने डलरले प्राधिकरणले महसुल सङ्कलन काउण्टर खोलेको छैन। विद्युतीय प्रणालीबाट भुक्तानी हुने महसुलको मात्रा कम भएकाले महसुल सङ्कलन काउण्टर नै खोल्नुपर्ने बाध्यता रहेको छ।




मासिक ठूलो मात्रामा महसुल सङ्कलन हुँदा मात्रै प्राधिकरणको समग्र आर्थिक अवस्था सहज रहने गरेको थियो। गत चैत ११ गतेदेखि जारी लकडाउनका कारण अत्यावश्यक सेवामा रहेका कर्मचारीबाहेक अन्य कर्मचारी भने कार्यालयमा उपस्थित छैनन्। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले महसुल सङ्कलनमा देखिएको अप्ठचारोका कारण संस्थाको आर्थिक अवस्थामा सङ्कट देखिने अवस्था पैदा भएको जानकारी दिए।

नेपाल इन्जिनियर्स एशोसिएसनको इनर्जी म्यानेजमेन्ट समितिले आयोजना गरेको बेवसेमिनारमा बोल्दै प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले लकडाउनको अवस्था अझै कायम रहेको खण्डमा प्राधिकरणमा ठूलो आर्थिक नोक्सानी भोग्नुपर्ने बताए। महसुल सङ्कलनमा समस्या भएकाले प्राधिकरणले विद्युतीय भुक्तानी प्रणालीमार्फत महसुल तिर्न आग्रह गरे पनि प्रविधिको पहुँच र प्रविधिमा जानकार नहुँदा ग्राहकलाई समेत समस्या परेको छ।

प्राधिकरणका ३८ लाख घरायसी ग्राहक छन्। त्यस्तै झण्डै दुई लाख मध्यम तथा ठूला व्यावसायिक ग्राहक छन्। घरायसी ग्राहकले १५० युनिटसम्म विद्युत् प्रयोगमा चैत र वैशाख महिनाभरको महसुलमा २५ प्रतिशत छुट पाउने व्यवस्था गरिएको छ। कोरोना भाइरस (कोभिड-१९) को महामारी रोकथामका लागि सरकारद्वारा घोषित लकडाउनको समयमा धेरैको रोजगारी गुमेको तथा आर्थिक गतिविधि ठप्प भएको अवस्थालाई मध्यनजर गर्दै ग्राहकलाई राहत दिने तथा एलपी ग्यास विस्थापन गरी इन्डक्सनसहित विद्युतीय चुल्हो प्रयोगमा प्रोत्साहन गर्ने उद्देश्यले त्यस्तो निर्णय गरिएको थियो।

अठ्तीस लाख ग्राहकलाई १५० युनिटसम्मको खपतमा २० प्रतिशत छुट दिँदा एक महिनामा सरकारी राजश्वमा रु ५० करोड नोक्सान हुन्छ। गत आर्थिक वर्षमा प्राधिकरणको महसुलबाट रु ३० अर्ब उठेको थियो। लकडाउनका कारण विद्युत् खपतमा भारी कमी आएको छ। विद्युत् बढी खपत हुने उद्योगधन्दा, कलकारखाना, विजनेस कम्प्लेक्स, होटल, सिनेमा घर, कार्यालय बन्द छन्। ती ग्राहकको समेत विद्युत् महसुल उठाउन समस्या भएको छ।

यस्तै प्राधिरकणले १६५ मेगावाट क्षमताका आयोजनाको भुक्तानी भने अमेरिकी डलरमा नै गर्नुपरेको छ। झण्डै रु एक अर्ब जतिको व्ययभार त्यसले थपेको छ तर विपद्को समयमा काममा खटाइएका कर्मचारीलाई अतिरिक्त सुविधा दिनुपर्ने, तलब भत्तालगायत खर्च तोकिएअनुसार नै हुने भएकाले पनि थप समस्या आउन सक्ने देखिएको छ।

लकडाउनका कारण प्राधिकरणका सहायक कम्पनीले निर्माण गरेका आयोजनामा समेत समस्या देखिएको छ। माथिल्लो तामाकोशीलगायत आयोजनामा कामदार भए पनि निर्माण सामग्रीको अभाव देखिन सक्ने अवस्था पैदा भएको छ। लकडाउनले निर्माणाधीन प्रसारण लाइन निर्माणमा समस्या खडा भएको छ। कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "लकडाउनका कारण प्राधिकरणको वित्तीय क्षेत्रमा ठूलो प्रभाव परेको छ। त्यो प्रभाव तत्काल नदेखिएको भए पनि अझै लकडाउन जारी रहे अवस्था सङ्कटपूर्ण बन्न सक्छ।"

कोरोना भाइरसको सङ्क्रमणबाट बचन लकडाउन घोषणा भएसँगै विद्युत्को माग (लोड) पनि ह्वात्तै घटेको हो। बढी विद्युत् खपत गर्ने कलकारखाना, होटल, व्यापारिक भवन, कार्यालयहरू बन्द भएपछि विद्युत्को माग ह्वात्तै घटेको हो। विद्युत् लोडमा मुख्य रूपमा कलकारखाना, होटललगायतको योगदान रहेको छ। घरायसी प्रयोजनका लागि मात्रै विद्युत्को प्रयोग भइरहेकाले अहिले विद्युत्को लोड घटेको हो।

लकडाउन शुरु हुनुभन्दा पहिले मुलुकभरको विद्युत्को अधिकतम माग (पिक डिमाण्ड) एक हजार २०० मेगावाटको हाराहारीमा रहेकामा त्यो आधा जस्तै घटेर ६५० मेगावाटको हाराहारीमा रहेको छ। विद्युत् बढी खपत हुने काठमाडौँ उपत्यकाको विद्युत्को माग पनि ह्वात्तै घटेको छ। लकडाउनभन्दा पहिले विद्युत्को अधिकतम माग ३५० मेगावाटको हाराहारीमा रहेको भए पनि हाल २५० देखि २९० मेगावाटको हाराहारीमा मात्रै छ।

अत्यावश्यक सेवाबाहेक अन्य कार्यालय र सेवा बन्द भएकाले अहिले घरायसी प्रयोजनका लागि मात्रै विद्युत् प्रयोग भइरहेकाले माग घटेको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले जानकारी दिए। "उद्योग तथा कलकारखाना, व्यापारिक क्षेत्र बन्द भएको, विकास निर्माण ठप्प भएको र जाडो सकिएको तर गर्मी पनि शुरु भइनसकेको अहिलेको अवस्थाले गर्दा विद्युत्को लोड ह्वात्तै घटेको हो", कार्यकारी निर्देशक घिसिङले भने।

घिसिङले पानी, हावाहुरी, प्राविधिकलगायत कारण कुनै स्थानमा केहीबेर विद्युत् अवरोध हुन सक्ने भए पनि त्यसको मर्मतसम्भार गरी तत्काल सेवा सञ्चालन गराउन लकडाउनको बेला पनि कर्मचारीहरू चौबीसै घण्टा तयारी अवस्थामा रहेको बताए। यस्तै नियमित वर्षा भइरहेको सन्दर्भमा विद्युत् उत्पादन बढ्ने क्रममा रहेकाले विद्युत् खेर जाने अवस्थासमेत देखिएको छ। भारतमा समेत विद्युत् पठाउने अवस्था नभएकाले एकातिर विद्युत् खेर जाने, अर्कोतर्फ महसुलसमेत उठाउन नसक्दा जटिलता बढेको हो। प्राधिकरणले विद्युतीय भुक्तानीका लागि ग्राहकलाई प्रशिक्षित गर्नुपर्ने, विद्युतीय चुल्होका प्रयोगलाई बढावा दिनुपर्ने तथा विद्युतीय सवारीका लागि थप प्रोत्साहन गर्ने नीति ल्याउनु जरुरी रहेको जनाएको छ।

# पञ्चकन्या स्टिलद्वारा स्वास्थ सामग्री हस्तान्तरण

**काठमाडौं/मस**– पञ्चकन्या समूह अन्तर्गतको पञ्चकन्या स्टिलले विभिन्न ३ अस्पतालहरूलाई स्वास्थ सामाग्री हस्तान्तरण गरेको छ। स्टिलका उपत्यका स्थित विभिन्न डिलरहरूले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान- पाटन अस्पताल, त्रि.बि. शिक्षण अस्पताल( महाराजगन्ज र धुलिखेल अस्पताल-धुलिखेललाई सर्जिकल मास्क, पीपीई सेट, स्वास्थ्य स्वब बुथ सेट लगायतका स्वास्थ सामाग्रीहरू हस्तान्तरण गरेका हुन्।



उक्त स्वास्थ्य सामाग्रीहरू ३ वटा अस्पतालका आ( आफ्ना प्रतिनिधिहरूको उपस्थितिमा पञ्चकन्या समूहका निर्देशक उदिप श्रेष्ठ, पञ्चकन्या स्टिलका उपत्यकाका विभिन्न डिलरका सञ्चालकहरू र तिनका प्रतिनिधिहरूले उक्त अत्यावश्यक स्वास्थ्य सामाग्रीहरू हस्तान्तरण गरिएको समूहले जनाएको छ।

# मोबाइल बैंकिङ सेवाका लागि सम्झौता

**काठमाडौं/मस**–सेञ्चुरी कमर्सियल बैंक र एफवान सफ्ट इन्टरनेशनलबीच मोबाइल बैंकिङ सेवाका लागि सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका तर्फबाट चिफ बिजनेस डेभलपमेन्ट अफिसर सुवासबहादुर श्रेष्ठ र एफवान सफ्टका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुवास शर्माले हस्ताक्षर गरे। सम्झौताअनुसार अब बैंकले सेञ्चुरी पे नामक मोबाइल एपमार्फत मोबाइल बैंकिङ सेवा उपलब्ध गराउनेछ।

सेञ्चुरी पेमार्फत ग्राहकले ५० भन्दा बढी बैंकका खातामा रकम ट्रान्सफर, बिजुलीको महसुल, टिभी, इन्टरनेटको बिल भुक्तानी, मोबाइल रिचार्ज, हवाइजहाज, बस तथा सिनेमाको टिकट खरिदका साथै एक लाखभन्दा बढी मर्चेन्टमा क्युआर कोडमार्फत भुक्तानी गर्न सकिनेछ।

यसैगरी सेञ्चुरी पेमा आफ्नो मोबाइलमार्फत आफैं मोबाइल बैंकिङ एक्टिभ गर्न सकिनुका साथै फिंगर प्रिन्ट इनेबल गरी सहजै कारोवार गर्न सकिनेछ। एफवान सफ्टले तयार गरेको यो मोबाइल एपमा अत्याधुनिक सुरक्षा प्रणाली अपनाइएको छ।

# लकडाउन खुले पनि दशौंअघि सौराहाका होटल नखुल्ने

**चितवन/मस**-लकडाउनसँगै बन्द भएका सौराहाका होटल दशैँअघि नखुल्ने भएका छन्। पारिवारिक तवरबाट चलेका साना होटल खुले पनि व्यावसायिक होटलहरू दशैंमा मात्र खोल्ने तयारी गरिएको छ।

क्षेत्रीय होटल सङ्घ सौराहाका अध्यक्ष दीपक भट्टराईका अनुसार होटल खुले पनि पर्यटक नआउने भएकाले थप व्ययभार नहोस् भन्नका लागि होटल बन्द गर्ने विषयमा व्यवसायीहरू सहमत भएका छन्। उनले भने, "लकडाउनपछि तत्काल विदेशी पर्यटक आउने कुरा भएन, स्वदेशी पनि खासै आउँदैनन्।" होटल खुलेपछि दैनिक सञ्चालन खर्च धेरै हुने तर पर्यटक नआउने भएकाले तत्काल होटल सञ्चालन नगरिने उनले जानकारी दिए।

सङ्घका निवर्तमान अध्यक्ष सुमन घिमिरेका अनुसार जेठको पहिलो साताबाट भदौ अन्तिमसम्मको समय अरु बेलामा पनि पर्यटक नआउने समय हो। त्यसपछिको समयमा हिमाल चढ्नका लागि विदेशी पर्यटक आउने भए पनि यस वर्ष त्यो सम्भावना न्यून रहेको घिमिरेले बताए। उनका अनुसार दशैँताका आन्तरिक पर्यटक आउने भएकाले सोही समयमा होटल खोल्ने तयारी गरिएको छ।

दुई/चार पाहुनाका लागि होटल खोल्दा सञ्चालन खर्च बढी हुने भएकाले त्यो सम्भावना नरहेको घिमिरे बताउँछन्। होटल व्यवसायीले चैत महिनासम्मको तलब दिएर कर्मचारीलाई बिदा दिएका छन्। अब के गर्ने भन्ने विषयमा केन्द्रीय हानको निर्णयको पर्खाइमा रहेको अध्यक्ष भट्टराईले जानकारी दिए।

चितवन र नवलपरासीमा १५० पर्यटकीय होटल छन्। ती होटलमा पाँच हजार ५०० भन्दा बढी कर्मचारी कार्यरत छन्। भट्टराईका अनुसार ती होटलमा रु १९ अर्ब ५० करोडभन्दा बढी बैंकिङ ऋण रहेको छ। होटल खुलेको कम्तीमा एक वर्ष ऋणको किस्ता र ब्याज बुझाउन नसकिने भन्दै उनले पुनःकर्जा दिएर व्यवसाय सञ्चालन गर्न सहयोग गर्नुपर्ने बताए। भट्टराईले कृषिसरह ब्याजमा सहुलियत दिनुपर्ने माग अघि सारेको जानकारी दिए।

यता मेघौलीको साराङ वाइल्ड लाइफ सेन्चुरीका सञ्चालक सुवोध प्रधानले भने लकडाउन खुलेपछि होटल सञ्चालनमा ल्याउने तयारी गरिएको बताए। थोरै कर्मचारीबाट सेवासुविधा दिने गरी होटल खोल्ने तयारी आफूले गरेको उनले बताए। लकडाउनले घरमा बस्दा वाक्क भएका आन्तरिक पर्यटक आउने उनको अनुमान छ। यहाँ चितवन राष्ट्रिय निकुञ्जभित्रका दुर्लभ वन्यजन्तु, थारू संस्कृति, डुङ्गा शयरका लागि स्वदेशी र विदेशी पर्यटक आउने गर्दछन्।

# ग्वाङ्जाओबाट थप स्वास्थ्य सामग्री आइपुग्यो हिमालय एयरलाईन्स

**काठमाडौं, रासस**– हिमालय एयरलाइन्सले चीनको ग्वाङ्जाओबाट स्वास्थ्य सामग्री ल्याएको छ। कोभिड-१९ का लागि अत्यावश्यक स्वास्थ्य सामग्री लिएर आएको सो एयरलाइन्सको न्यारोबडी जहाज आईतबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो। सो जहाजले चार्टर्ड उडानमार्फत पाँच हजार ४०३ केजी स्वास्थ्य सामग्री ल्याएको विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीले जानकारी दिए। स्वास्थ्य सामग्री लिन सो जहाज शनिबार साँझ त्यसतर्फ उडेको थियो।
नेपालको निजी क्षेत्र र चीनको संयुक्त लगानी रहेको सो एयरलाइन्सले लकडाउनको अवधिमा चीनमा यो तेस्रो चार्टर्ड उडान भरेको हो। उक्त कम्पनीको न्यारोबडी जहाजले वैशाख १९ गते चाङ्शाबाट ५०० केजी स्वास्थ्य सामग्री ल्याएको थियो। त्यसअघि वैशाख १४ गते हिमालयको जहाजले ग्वाङ्जाओबाटै स्वास्थ्य सामग्री ल्याएको थियो। चार्टर्ड उडानका लागि आवश्यक लजिस्टिक सेवाशर्तका लागि नियामक निकायबाट स्वीकृति पाएअनुसार सबै प्रकारका आधारहरू पूरा गरेको एयरलाइन्सले जनाएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणको विशेष स्वीकृति प्राप्त गरिसकेपछि, सो एयरलाइन्सको फ्लाइट क्रुले नेपाल सरकारको निर्देशनअनुसार स्वास्थ्य सुरक्षाका उपाय अपनाएको पनि कम्पनीले उल्लेख गरेको छ। उक्त कार्गो जहाजले चिकित्सा उपकरण, परीक्षण किट, व्यक्तिगत सुरक्षा उपकरण (पिपिई), मास्क, पञ्जालगायत अन्य औषधिजन्य सामग्री ल्याएको जनाइएको छ। सो एयरलाइन्सले अबुधाबी, दमाम, दोहा, ढाका, क्वालालम्पुर, बेइजिङ र छोङ्गिनसहित अन्य मुलुकका नौ गन्तव्यमा उडान भर्दै आएको छ। हिमालयले अहिले आठ बिजनेस क्लास र १५० इकोनोमी क्लास सिट भएका तीन ए३२०-२१४ सिरिज र आठ बिजनेस क्लास र १२० इकोनोमी क्लास सिट भएको एक ए३१९-११५ एयरक्राफ्टले सेवा उपलब्ध गराउँदै आएको छ। एयरलाइन्सको निकट भविष्यमा ल्हासा उडान शुरु गर्ने योजना छ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**